Australian Government
Services Australia

NEPALI

# रोजगारदाताहरूका लागि Paid Parental Leave योजना

अष्ट्रेलियाली सरकारले Paid Parental Leave योजना मार्फत योग्य आमाबुवाहरूलाई आर्थिक सहयोग प्रदान गर्दछ। यसले आमाबुवालाई कामबाट बिदा लिएर नवजात शिशु वा भखरै अपनाइएका धर्मसन्तानको हेरचाह गर्न मद्दत गर्दछ।

यस योजनामा Parental Leave Pay समावेश छ जसलाई आमाबुवाबीच साझा भुक्तान गरिन्छ। यसले तपाइँका कर्मचारीहरूलाई कामबाट बिदा लिएर नवजात शिशु वा भखरै अपनाइएका धर्मसन्तानको हेरचाह गर्न मद्दत गर्दछ।

Parental Leave Pay योग्य पूर्णकालिक, अंशकालिक, आकस्मिक, मौसमी, करार र स्वरोजगार कामदारहरूको लागि उपलब्ध छ।

यदि कर्मचारीले मृत शिशु जन्म वा शिशु मृत्युको अनुभव गरेता पनि यो भुक्तानी प्राप्त गर्न सक्छन।

## योजनामा तपाईंको भूमिका

तपाईले Paid Parental Leave योजनामा महत्त्वपूर्ण भूमिका खेल्नुहुन्छ।

तपाईंको कर्मचारीले नवजात शिशु वा भखरै अपनाइएका धर्मसन्तानको हेरचाह गर्न बिदा माग्न सक्छन, र Parental Leave Pay को लागि आवेदन दिन सक्छन।

हामी मार्फत Parental Leave Pay को आवेदन दिन र तपाईसँग बिदा प्रबन्धहरू मिलाउन तपाईंको कर्मचारीमा निर्भर छ। Parental Leave Pay प्राप्त गर्नको लागि, तपाइँको कर्मचारीले सबै मापदण्डहरू पूरा गर्नुपर्छ।

हामी तपाईंको कर्मचारीलाई सीधै Parental Leave Pay भुक्तानी गर्न सक्छौं। यदि हामीले तपाईंले कर्मचारीको Parental Leave Pay उपलब्ध गराउनु पर्ने निर्णय गर्छौं भने, हामी तपाईंलाई जानकारी दिन एउटा पत्र पठाउने छौं। हामी तपाइँको कर्मचारीलाई भुक्तान गर्नको लागि Parental Leave Pay कोष पनि दिनेछौं।

तपाईले निम्न अवस्था भएका कर्मचारीलाई Parental Leave Pay दिन आवश्यक हुनेछ:

- नवजात शिशु वा भखरै अपनाइएका धर्मसन्तान भएका
- अपेक्षित जन्म मिति वा धर्मसन्तान ग्रहण गर्नु अघि कम्तिमा 12 महिनासम्म तपाईंको लागि काम गरेको
- कम्तिमा उनीहरूको Paid Parental Leave को अवधि समाप्त नभएसम्म तपाईंको कर्मचारी भएमा
- अस्ट्रेलियामा बसोबास गरेको
- कम्तिमा 8 हप्ताको Parental Leave Pay पाउने अपेक्षा गरिएको।

यो योजनामा सहभागी हुनका लागि तपाईँको व्यवसायको Australian Business Number (ABN) हुनुपर्नेछ।

तपाईले हामीबाट कोष प्राप्त गर्नु अघि तपाईले आफ्नो कर्मचारीलाई Parental Leave Pay दिनु पर्दैन।

## अभिभावकीय बिदा को बारेमा आफ्नो कर्मचारीसँग कुरा गर्नुहोस्

यदि तपाईंको कर्मचारीले बच्चाको अपेक्षा गरिरहेका छन वा अपनाउने योजनामा छन भने, उनीहरूको योजनाको बारेमा चाँडै उनीहरूसँग कुरा गर्नुहोस्।

समेट्नु पर्ने केही विषयहरू यस प्रकारका छन्:

- कुन बिदा उपलब्ध छ र यो कसरी Parental Leave Pay संगै एकै समयमा लिन सकिन्छ (उदाहरणका लागि, तलबी वा बेतलबी बिदा)
- तपाईंको कर्मचारीले कहिले आफ्नो बिदा सुरु गर्न चाहन्छन् र कहिले काममा फर्कने आशा गर्छन्
- उनीहरूले कसरी काममा फर्कने प्रबन्ध गर्न चाहन्छन् (उदाहरणका लागि,अंशकालिक कर्मचारीको रूपमा फर्कने)
- Parental Leave Pay को लागि दावी गर्दा तपाईको व्यवसायको बारेमा तपाईको कर्मचारीले हामीलाई दिनु पर्ने जानकारी।

## बिदा अधिकारहरूमा प्रभाव

यो योजनाले तपाइँका कर्मचारीहरूलाई बिदा अधिकार दिँदैन। उनीहरूले तपाईसँग बिदाको व्यवस्था बारे छलफल गर्नुपर्छ। तपाईंको कर्मचारीको Parental Leave Pay ले उनीहरूको रहिरहेको कुनै पनि बिदा अधिकारहरू परिवर्तन गर्दैन।

तपाईंका दीर्घकालीन कर्मचारीहरूले *Fair Work Act 2009* अन्तर्गत न्यूनतम 12 महिना बेतलबी Parental Leave प्राप्त गर्न सक्छन्। यसका साथै उनीहरुले थप 12 महिनाको बेतलबी बिदा पनि माग्न सक्नेछन् । दीर्घकालीन कर्मचारी भनेको तपाईंको व्यवसायको लागि 12 महिना वा सोभन्दा बढी समय काम गरेको कर्मचारी हो।

यदि तपाईंको कर्मचारी एक दम्पती हुन् भने, दुबैले National Employment Standards अन्तर्गत बेतलबी Parental Leave प्राप्त गर्न सक्छन्। यी अवस्थामा, अन्य न्यूनतम अधिकारहरू छन् जुन तपाईंले सचेत हुन आवश्यक छ।

उदाहरणका लागि, उनीहरूले नवजात शिशु जन्म वा धर्मसन्तानको ग्रहण गरेपछि तुरुन्तै एकै समयमा 3 हप्तासम्मको बेतलबी बिदा लिन सक्छन्।। यदि तपाईं सहमत हुनुभएमा, उनीहरूले नवजात शिशु जन्म वा धर्मसन्तानको ग्रहण गरेपछि पहिलो 6 हप्तामा कुनै पनि समय लिन सक्छन्। उनीहरूले आफ्ना बीचमा 24 महिनाको बेतलबी Parental Leave पनि लिन सक्छन्।

यदि यो औद्योगिक सम्झौता वा कानूनको अंश हो भने तपाईंले तलबी Maternity वा Parental Leave अस्वीकार गर्न सक्नुहुन्न। यो सम्झौता वा कानून रहिरहदा सम्म लागू हुन्छ।

निम्न कुराको बारेमा जानकारीको लागि **fairwork.gov.au** हेर्नुहोस् वा **131 394** मा Fair Work Ombudsman लाई फोन गर्नुहोस्:

- रोजगारीका हकहरू
- कार्यस्थल दायित्वहरू
- Fair Work Act 2009
- Fair Work Ombudsman को भूमिका।

## हामी तपाईंलाई कसरी भुक्तानी गर्नेछौं

तपाईंले हामीबाट रकम प्राप्त गर्नु अघि Parental Leave Pay दिनु पर्दैन। हामी तपाईंको कर्मचारीको तलब चक्र कट्नु अघि तपाईंको मनोनीत बैंक खातामा रकम स्थानान्तरण गर्नेछौं। यो सामान्यतया 7 दिन अघि हो।

## तपाईंको व्यवसाय दर्ता गर्नुहोस

Paid Parental Leave योजनाको हिस्सा बन्नको लागि, तपाईंले आफ्नो व्यवसाय हामीसँग दर्ता गर्न आवश्यक छ। तपाईंले Parental Leave Pay दिन नपर्ने कर्मचारीहरूलाई दिन आवश्यक छैन।

Paid Parental Leave योजनाको लागि व्यवसायहरूको दर्ता गर्ने सबैभन्दा सजिलो तरिका हाम्रो अनलाइन सेवाहरूमा लग इन गरेर हो। यदि तपाइँ हाम्रो अनलाइन सेवाहरू प्रयोग नगर्ने छनौट गर्नुहुन्छ वा तपाइँसँग इन्टरनेटको पहुँच छैन भने, तपाइँ हामीलाई अंग्रेजीमा **131 158** मा फोन गरेर पनि दर्ता गर्न सक्नुहुन्छ।

## यो योजनाले तपाईंको व्यवसाय र अभिभावकहरूलाई कसरी मद्दत गर्छ

Paid Parental Leave योजनाले तपाईंलाई निम्न तरिकाले मद्दत गर्छ:

- मूल्यवान र दक्ष कर्मचारीहरूलाई उनीहरू आमाबुवा बनेपछि तपाईंको कार्यस्थलसँग सम्पर्कमा रहन प्रोत्साहित गरेर राख्न
- आफ्नै कोष नबनाई Parental Leave Pay भुक्तान गरेर परिवारमैत्री कार्यस्थल सिर्जना गर्न
- दीर्घकालीन रूपमा नयाँ अभिभावकहरूको लागि कार्यबलको सहभागिता वृद्धि गर्न।

योजनाले अभिभावकहरूलाई निम्न तरिकाले मद्दत गर्छ:

- नयाँ बच्चाको हेरचाह गर्न कामबाट बिदा लिदा उनीहरूलाई आर्थिक सहयोग दिन
- पुरुष र महिला बीच समानता र काम र पारिवारिक जीवन बीच सन्तुलन प्रवर्द्धन गर्न।

## थप जानकारीको लागि

- अङ्ग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/pplemployers** हेर्नुहोस
- **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोला जहाँ तपाईंले आफ्नो भाषामा जानकारीहरु पढ्न, सुन्न तथा हेर्न सक्नुहुनेछ
- हामीसँग तपाईंको भाषामा Centrelink भुक्तान र सेवाहरूको बारेमा कुरा गर्न **131 202** मा फोन गर्नुहोस्

- Medicare को लागि **132 011** र Child Support को लागि **131 272** मा फोन गर्नुहोस् । यदि तपाईलाई दोभाषे चाहिन्छ भने हामीलाई थाहा दिनुहोस्, र हामी निःशुल्क व्यवस्था गर्नेछौं
- सेवा केन्द्रमा जानुहोस्।

**टिप्पणी**: अस्ट्रेलियाको जुनसुकै ठाउँबाट तपाईंको घरको फोनबाट '13' नम्बरहरूमा फोन गर्दा निश्चित दरमा शुल्क लाग्नेछ। त्यो दर एक स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि भिन्न हुन सक्दछ। तपाईंको घरको फोनबाट '1800' नम्बरहरूमा फोनहरू निःशुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोन गर्दा लागेको समयको लागि उच्च दरमा शुल्क लाग्न सक्दछ।

## अस्वीकरण

यस प्रकाशनमा समावेश जानकारी भुक्तानी र सेवाहरूको लागि गाईडको रूपमा मात्र हो। यदि तपाईं भुक्तानीको लागि आवेदन दिन चाहानुहुन्छ र तपाईंको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने यो निर्णय गर्ने तपाईंको जिम्मेवारी हो।

Australian Government
Services Australia

ENGLISH

# The Paid Parental Leave scheme for employers

The Australian Government gives financial support to eligible parents through the Paid Parental Leave scheme. This helps parents take time off work to care for a newborn or recently adopted child.

This scheme consists of Parental Leave Pay which is a shared payment between parents. It can help your employees take time off work to care for a newborn or recently adopted child.

Parental Leave Pay is available to eligible full time, part time, casual, seasonal, contract and self employed workers.

An employee may still get this payment if they experience a stillbirth or infant death

## Your role in the scheme

You play an important role in the Paid Parental Leave scheme.

Your employee may ask to take leave to care for a newborn or recently adopted child, and want to apply for Parental Leave Pay.

It is up to your employee to apply for Parental Leave Pay through us and negotiate leave arrangements with you. To get Parental Leave Pay, your employee must meet all criteria.

We may pay Parental Leave Pay directly to your employee. If we decide you must provide an employee’s Parental Leave Pay, we’ll send you a letter to let you know. We will also give you the Parental Leave Pay funds to pay your employee.

You will need to give Parental Leave Pay to an employee who:

- has a newborn or recently adopted child
- has worked for you for at least 12 months before the expected date of birth or adoption
- will be your employee until at least the end of their Paid Parental Leave period
- lives in Australia
- is expected to get at least 8 weeks of Parental Leave Pay.

Your business must have an Australian Business Number (ABN) to be part of the scheme.

You do not have to give Parental Leave Pay to your employee before you’ve got the funds from us.

## Talking to your employee about parental leave

If your employee is expecting or adopting a child, talk to them early about their plans.

Some topics to cover are:

- what leave is available and how it might be taken at the same time as Parental Leave Pay (for example, paid or unpaid leave)
- when your employee would like to start their leave and when they expect to return to work
- how they would like to manage their return to work (for example, returning part time)
- information your employee needs to give us about your business, when they lodge a claim for Parental Leave Pay.

## Effect on leave entitlements

The scheme does not give your employees an entitlement to leave. They must negotiate leave arrangements with you. Your employee's Parental Leave Pay does not change any of their existing leave entitlements.

Your long term employees can get a minimum of 12 months unpaid parental leave under the *Fair Work Act 2009*. They can also ask for an additional 12 months unpaid leave on top of this. A long term employee is someone who has worked for your business for 12 months or more.

If your employee is part of a couple, both may get unpaid parental leave under the National Employment Standards. In these cases, there are other minimum entitlements you need to be aware of.

For example, they can take up to 3 weeks of unpaid leave at the same time, immediately after the birth or adoption. If you agree, they can take it any time in the first 6 weeks after the birth or adoption. They can also take 24 months unpaid parental leave between them.

You cannot deny entitlement to paid maternity or parental leave if it is part of an industrial agreement or law. This applies for the life of the agreement or law.

Go to **fairwork.gov.au** or call the Fair Work Ombudsman on **131 394** for information about:

- employment entitlements
- workplace obligations
- the Fair Work Act 2009
- the role of the Fair Work Ombudsman.

## How we will pay you

You do not have to give Parental Leave Pay before you've got the funds from us. We will transfer funds into your nominated bank account before your employee's usual pay cycle cut off. This is normally 7 days before.

## Registering your business

To be part of the Paid Parental Leave scheme, you need to register your business with us. You can opt in to give Parental Leave Pay to employees you do not need to give it to.

The easiest way to register for the Paid Parental Leave scheme is by logging on to our online services for businesses. If you choose not to use our online services or you do not have access to the internet, you can also register by calling us in English on **131 158**.

## How the scheme helps your business and parents

The Paid Parental Leave scheme helps you:

- keep valuable and skilled staff by encouraging them to stay connected with your workplace when they become parents
- create a family friendly workplace without having to fund Parental Leave Pay yourself
- increase workforce participation for new parents in the long-term.

The scheme helps parents by:

- giving them financial help while they take time off work to care for a new child
- promoting equality between men and women and balance between work and family life.

## For more information

- go to **servicesaustralia.gov.au/pplemployers** for more information in English
- go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- call **131 202** to speak with us in your language about Centrelink payments and services
- call **132 011** for Medicare and **131 272** for Child Support. Let us know if you need an interpreter, and we will arrange one for free
- visit a service centre.

**Note**: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It is your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.